# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६


## नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना
### (प्रथम पटक प्रकाशित मिति : २०७७/०७/०४)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क. र यस चौरजहारी नगरपालिकाको आर्थिक ऐन, २०७७ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदि तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी चौरजहारी नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागि हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपशिल

| क्र.स. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घनफिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | धरौटि रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | CJM/OTHERS/01/077/078 | चौरजहारी नगरपालिकास्थित भेरी नदिका बाँस खोला रानीबगर, लामाबगर, घाटबाट ढुङ्गा, गिट्टि, बालुवा उत्खनन् कार्य | २३०२३०२।२४ | ४६०४६०४।४८ | १३८,१३९।०० | ३०००.०० |
| २. | CJM/OTHERS/02/077/078 | जहारी खोला, कारिगार, टोटाखोला, नार्जीखोला घाटबाट ढुङ्गा, गिट्टि, बालुवा उत्खनन् कार्य | १४०६२२५।५२ | २८,१२,४५१।०४ | ८४,३७३।०० | ३०००.०० |
| ३. | CJM/OTHERS/03/077/078 | वडा नं. १ बाँसखोला नजिकै र वडा नं. २ रानीसागर/छोटेबगर नजिकै थुपारेर राखिएको बालुवा, गिट्टी र ढुङ्गा विक्रि | ११७४४२५.३४ | २३,४८,८५०।०० | ३५,२३३।०० | ३०००.०० |

राम बहादुर के.सी.

चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल ०८८-४०११४६

## शर्तहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय चौरजहारीमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ४३३०१००३०१०३०००२ मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । साथै विद्युतिय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजश्व शाखा वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको अङ्कको पाँच प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय चौरजहारीमा रहेको धरौटी खाता नं. ४३३०१००३०३००००२ जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा हार्डकपी वा विद्युतियप्रति दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दखिला गर्न पाइने छैन् । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको दिउँसो २:०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यावसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन् । उक्त दिन सार्वजनिक विदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २० औं दिन दिनको १२:०० बजे चौरजहारी कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन् । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले सात दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ७० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता बापत ३० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०७८ साल असार मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियामानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, नगरपालिकाबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट जारी गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

(नोट: विस्तृत जानकारीको लागि यस कार्यालयको webisite www.chaurjaharimun.gov.np मा समेत हेर्न सकिनेछ ।)

.......................
रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत